५८

आज मिति २०७८ साल श्रावण १० गते आइतवारका दिन बिर्तामोड नगरपालिकाको वैठक नगर प्रमुख श्री ध्रुव कुमार शिवाकोटीज्यूको अध्यक्षतामा वसी निम्न बमोजिमको उपस्थितिले निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो ।

उपस्थिति

नगर प्रमुख : श्री ध्रुव कुमार शिवाकोटी

नगर उप-प्रमुख : श्री पवित्रादेवी महतारा प्रसाई

१ नं. वडा अध्यक्ष : श्री अग्नी प्रसाद पाण्डे

२ नं. वडा अध्यक्ष : श्री नगेन्द्र प्रसाद संग्रौला

३ नं. वडा अध्यक्ष : श्री भोजराज सिटौला

४ नं. वडा अध्यक्ष : श्री कुल प्रसाद संग्रौला

५ नं. वडा अध्यक्ष : श्री राजेन्द्र प्रसाद लिङ्गदेन

६ नं. वडा अध्यक्ष : श्री सुर्य प्रसाद कन्दङ्गवा

७ नं. का.वा वडा अध्यक्ष : श्री चन्द्रकला पकुवाल

८ नं.वडा अध्यक्ष : श्री अजय कार्की

९ नं. वडा अध्यक्ष : श्री पवित्रा पाठक

१० नं. वडा अध्यक्ष : श्री दुर्योधन गुरुङ्ग

कार्यपालिका सदस्य : श्री शुरेन राजवंशी

कार्यपालिका सदस्य : श्री द्रौपदि गणेश

कार्यपालिका सदस्य : श्री भागिरथा आचार्य

कार्यपालिका सदस्य : श्री निता घतानी

कार्यपालिका सदस्य : श्री गिता घिमिरे

कार्यपालिका सदस्य : श्री संगिता शिवा

सचिव : श्री गणेश प्रसाद दाहाल

Scanned with CamScanner

निर्णय नं.१. बिर्तामोड नगरपालिका क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापनको लागि नगरपालकाले सार्वजनिक निजी साझेदारी अन्तर्गत सार्वजनिक सूचना प्रकाशित गरी निराकार सरसफाई सेवा प्रा.लि. कागेश्वरी मनोहरा नगरपालिका वडा नं.८ काठमाण्डौ सँग सम्झौता भै सकेको र सम्झौताको बुदा नं.२.१ मा फोहोरमैला बिसर्जन स्थान नगरपालिकाले उपलब्ध गराउने व्यवस्था रहेको छ । निजीक्षेत्र निराकार सरसफाई प्रा.लि ले २०७८/०३/०१ गतेबाट फोहोर व्यवस्थापन गर्ने कार्य प्रारम्भ गरिसकेको वा फोहोर विसर्जन स्थल उपलब्ध हुन नसकेको हुँदा फोहोर विसर्जन स्थल उपलब्ध गराउन इच्छुक व्यक्ति तथा संस्थाहरुबाट न्यूनतम २ विघाह जग्गा भाडामा उपलब्ध गराउन चाहानेहरुका लागि बिर्तामोड नगरपालिका तथा अर्जुनधारा नगरपालिका क्षेत्रभित्रको त्यस्तो जग्गाको लागि १५ दिने सार्वजनकि सूचना आव्हन गर्ने ।

निर्णय नं.२. चालु आ.व २०७८/०७९ को लागि चारपाने राजगड सडक पूर्वाधार उपयोग कर ठेक्का रकम रु १४,००,०००।- (अक्षरेपी चौध लाख) मा तेलाबुङ्ग कन्ट्रक्सनसँग सम्झौता भै सकेको छ । उक्त सडक खण्डको पूर्वाधार उपभोग कर ठेक्का बन्दोबस्तमा तिनपाँग्रे सवारीसाधन (टेम्पो, सिटी रिक्सा) सहितको सवारीकर ठेक्का बन्दोबस्तमा सम्झौता भएको र उक्त सवारी चालक न्यून आय भएका तथा आधारभुत वर्गका भएकाले कर छुटको लागि अनुरोध भएकोले उक्त कर ठेक्का ठेकेदारलाई तिर्नुपर्ने सवारी साधन पूर्वाधार उपभोग कर नलिन जानकारी दिने र निजहरुको ठेक्का सम्झौतामा रु २,००,०००।- (अक्षरेपी दुई लाख) छुट दिने निर्णय गरियो ।

निर्णय नं.३. भद्रपुर सडक अन्तर्गत विद्युत प्राधिकरण शाखा बिर्तामोड झापाको दक्षिण पश्चिम क्षेत्रमा एमाले पार्टी कार्यालय हुँदै पश्चिम वसस्टेण्ड जाने सडकमा प्लम्प निर्माण गर्ने ।

निर्णय नं.४. यस बिर्तामोड नगरपालिका भित्र स्थायी वसोवास गर्ने ५५ वर्ष र सो भन्दा माथि उमेर समूहका सवै नागरिकहरुलाई भेरोसिलखोप लगाउने कार्यमा उक्त समूहको जनसंख्या अत्याधिक भई भिडभाड हुने र सामाजिक दुरी कायम गर्न नसकिने भएकोले स्वास्थ्यको मापदण्ड पालन गर्दै खोप कार्य सफल पार्न देहायवोजिमको खोप केन्द्रहरु निर्धारण गरि सम्वन्धित वडाका नागरिक हरुलाई सोहि केन्द्रवाट खोप लगाउने व्यवस्था गर्ने निर्णय गरियो साथै उक्त खोप केन्द्रहरुमा खोप कार्यलाई व्यवस्थि गर्नकालागि आवश्यक सहजिकरण गरि दिनु हुन जिल्ला प्रशासन कार्यालय झापालाई अनुरोध गर्ने समेत निर्णय गरियो ।

तपशिल

| क.स | मिति | खोप केन्द्र | वडा नं. |
|---|---|---|---|
| १ | २०७८/०४/१२ र १३ | मोहनमाया मा.वि | १ र २ |
| २ | २०७८/०४/१२, १३, | महेन्द्र रत्न मा.वि | ३ र ४ |
| ३ | २०७८/०४/१२ र १३ | देवी मा.वि | ५ |
| ४ | २०७८/०४/१२ र १३ | सरस्वति मा.वि | ६ |
| ५ | २०७८/०४/१२ र १३ | दुर्गा मा.वि | ७, ८ र ९ |
| ६ | २०७८/०४/१२ र १३ | महेन्द्र ज्योति मा.वि | १० |

Scanned with CamScanner

निर्णय नं.५. कोभिड-१९ को संकमण दिन दिनै बृद्धि भै रहेको र यसबाट जनस्वास्थ्यमा नराम्रो असर भएको हुँदा कोरोना संकमण रोकथाम तथा राहत व्यवस्थापन नगर समन्वय समितिको मिति २०७८/४/१० गतेको बैठकबाट भएका निर्णय अनुमोदन गर्ने ।

Scanned with CamScanner